EQUATOR INITIATIVE

UNDP




# टेर्गर च्यारटी नेपाल

## संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल

# ईक्वेटर पहल मामिला अध्ययन


मानव, प्रकृति र सुदृढ समुदायका लागि स्थानीय स्थानीय विकास समाधानहरु

# संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP) ईक्वेटर पहल मामिला अध्ययन शृंखला

संसार भरकि स्थानयि र आदविासी समुदायहरु मानव र प्रकृतकिो हति गर्ने नवप्रवर्र्रत्तनात्मक दगिो समाधानतर्फ अघि बढी रहेका छन् । यस्ता पहलकदमीहरु कसरि विकिसति भए, तनिीहरुको प्रभाव व्यापकता कति छ र समयसंगै तनिीहरु कसरी परविर्तन हुन्छन् भन्ने पूर्ण कथा देखाउने केहि समिति प्रकाशन तथा मामलिा अध्ययनहरु मात्र छन् ।अझै कमैले ले यी कथाहरु समुदायमा काम गर्नेहरुसंग मलिेर भाष्य नर्िमाण गर्ने जमर्को गरेका छन् । इक्वेटर पहलले त्यो खाडललाई पूर्ति गर्ने लक्ष्य राखेको छ ।यही कारणले यो मामलिा अध्ययन वजिेता प्रतनिधिहिरूसँगको सहकार्य मार्फत तयार गरएिको हो। उनीहरूको आवाज र अनुभवहरूलाई पूर्ण रूपमा समावेश गरी आ-आफ्ना क्षेत्रमा स्थानीय अभ्यासलाई अघि बढाउन गरेका प्रयासहरूलाई देखाउनु यस अध्ययनको मुख्य उदेश्य हो ।

UNDP ईक्वेटर पहलले नर्वेजयिन एजेन्सी फर डेभलपमेन्ट कोअपरेशन (NORAD) र जर्मन संघीय आर्थकि सहयोग र वकिास मन्त्रालय (BMZ) को आर्थकि सहयोगमा, २०२३ मा १० देशका १० उत्कृष्ट स्थानीय तथा आदविासी समुदायहरूलाई इक्वेटर पुरस्कार प्रदान गरेको छ । वजिेताहरूले जैवकि ववििधिताको ह्रास र जलवायु परविर्तनको सामना गर्न नवीन प्रकृतमिा आधारति समाधानहरू प्रस्तुत गरेका छन्। १०८ देशका ५०० भन्दा बढी मनोनति समूहहरुमध्यबाट चयन गरएिका वजिेताहरूलाई नोभेम्बर ७ मा, COP28 मा जैवकि ववििधिता र जलवायु परविर्तन वार्ताको तयारीको क्रममा, भर्चुअल रूपमा आयोजति एक उच्च-प्रोफाइल कार्यक्रममा सम्मानति गरयिो। यो कार्यक्रम वशि्वव्यापी जैवकि ववििधिता र जलवायु नीतमिा प्रकृत-िआधारति समाधानहरूको महत्व बढाउन आयोजना गरएिको तीनदनिे भर्चुअल कार्यक्रम श्रृंखला "नेचर फर लाइफ हब" (Nature for Life Hub) को एक अंश थियो । वजिेताहरूले हरतिगृह ग्यास उत्सर्जनलाई कम गर्न, समुदायहरूलाई जलवायु परविर्तनसँग अनुकूलन गर्न सहयोग गर्न, र नव हरति अर्थतन्त्र सर्िजना गर्न वन, कृषि, समिसार , समुद्री पारसि्थतिकिी प्रणाली , र जैवकि ववििधिताको दगिो रूपमा संरक्षण, पुनर्स्थापना, र व्यवस्थापन गर्न सहयोग गररिहेका छन् ।

नम्नि मामलिा अध्ययन वकिसति भैरहेको श्रृंखलाको एउटा हसि्सा हो।दगिो वकिास लक्ष्यहरू (SDGs) प्राप्त गर्न आवश्यक प्रकृतमिा आधारति समाधानहरू वसि्तार गर्न आवश्यक नीति संवादलाई प्रेरति गर्नका लागि अनुमोदति उत्कृष्ट अभ्यासहरू यसमा समेटएिका छन् ।





# परयिोजना सारांश

टेर्‌गर च्यारटिी नेपाल (टीसीएन) एक स्थानीय स्तरमा संचालति संस्था हो, जसले उत्तरी नेपालको समिानाका दुर्गम हमिाली समुदायहरू समागाउँ र साम्दोमा खाद्य सुरक्षा र जीवकिोपार्जन सुधार गर्ने उद्देश्य राखेको छ। यो संस्थाले वाली ववििधिकिरण र दगिो वाली व्यवस्थापनका साथै खाद्य सुरक्षाका लागि बायो क्लाइमेटकि पासभि सोलार हरतिगृहहरू प्रवर्धन गर्छ । टीसीएनले महलिाको सशक्तकिरणलाई प्रोत्साहन गर्दै, रजस्वला स्वास्थ्य र सरसफाइ सम्बन्धी सचेतना फैलाउने, मार्गदर्शन प्रदान गर्ने, तथा महलिा शकि्षा र आय आर्जनलाई प्रोत्साहन गर्न साक्षरता र व्यावसायकि वकिास कार्यक्रमहरू सञ्चालन गर्दछ। टीसीएनले यस क्षेत्रका महलिाहरूको आय वृद्धि गिर्नका लागि एक क्यानाडयिन लक्जरी चयिा कम्पनीसँगको साझेदारीमा मूल्य शृंखला (Value Chain Project )परयिोजना सफलतापूर्वक वकिास गरेको छ।  समुदायका महलिा सदस्यहरूले ३५५० मटिर उचाइमा रहेको समागाउँबाट उच्च हमिाली जङ्गली गुलाबको फल टप्निे र प्रशोधन गर्ने कार्य गर्छन्। ती फलहरू उत्तर अमेरकिामा उच्चस्तरीय औषधीय चयिाका रूपमा बक्रिी गरनि्छ। यस सफलतामा आधारति रही, टीसीएनले आफ्नो कृषमिूल्य शृंखला परयिोजनाहरू(Value Chain Project ) वस्तिार गर्दै समागाउँमा १५ वटा प्रारम्भकि नरि्माण गर्‍यो र २०२२ मा समागाउँ र साम्दो दुबै स्थानमा थप ४७ वटा हरतिगृह नरि्माण गर्‍यो।




यस दस्तावेजको नक्सामा देखाइएका समिाना र सम्बन्धति जानकारीको चत्रिण र प्रयोग त्रुटरिहति हुने ग्यारेन्टी गरएिको छैन, न त यसले संयुक्त राष्ट्रसंघद्वारा आधकिारकि स्वीकृत वा मान्यता दनि्छ

# महत्वपूर्ण जानकारीहरु

Equator (इक्वेटर) पुरस्कार वजिेता
२०२३

स्थापना
२०१८

ठेगाना
समगाउँ र साम्दो , नुब्री उपत्यका , संघीय लोकतान्त्रकि गणतन्त्र नेपाल

लाभग्राही
४८० प्रत्यक्ष लाभग्राही ; ११३ अप्रत्यक्ष लाभग्राही

वषियगत क्षेत्र
दगिो कृषि र खाद्य सुरक्षा; दगिो जविकिोपार्जन; महलिा सशक्तकिरण

कार्य क्षेत्र
जलवायुमैत्री कृषि, हरति उद्दम , महलिा समूह

समेटएिका दगिो वकिास लक्ष्यहरु




SUSTAINABLE DEVELOPMENT GOALS

## इक्वेटर प्राइज २०२३ वजिेता फलि्म





# पृष्ठभूमरि सन्दर्भ

समागाउँ र साम्दो समुदाय अझै पनि बाहरिी संसारबाट टाढा र दुर्गम भए पनि यहाँ चाँडै परविर्तनहरू भइरहेका छन्, र तीनदेखि चार वर्षभित्र नरि्माण हुने सडकले यहाँको जीवकिोपार्जन र जीवनशैलीमा परविर्तनलाई तीव्र बनाउनेछ। प्रायःजसो, आधुनकिताको आफ्नै फाइदा र बेफाइदा हुन्छ। टेर्गर च्यारटिीले पश्चमिा राष्ट्रहरुले गरेका गल्तहिरुलाई नदोहोराई मानव वकिास र जैवकि ववि‍धिता, सांस्कृतकि सम्पदा संरक्षण , आय आर्जन, महलिा सशक्तकिरण, जलवायु परविर्तन रोकथाम र अनुकुलनका लागि प्रकृतमिा आधारति र दगिो समाधान सहतिको वकिासको बाटोमा लाग्न समुदायहरुलाई साथ दनिेछ।

मार्गट क्लाभयिैर , कार्यक्रम संयोजक , टेर्गर च्यारटिी नेपाल

उत्तरी नेपालको १,४०० देखि ८,१६३ मटिर उचाईमा अवस्थति वकिट भूदृश्य नुब्री उपत्यका अग्ला हमिाल, हमिनदी र खोला नालाहरुले भरपूर्ण छ । यस उपत्यका र आसपासका टाकुराहरुमा ३९ प्रजातकिा स्तनधारी जनावर, २०१ प्रजातकिा चरा , र करबि २,००० प्रजातकिा फुल फल्ने वरि्वाहरु पाइन्छ।बौद्ध र अधवािसी संस्कृतमिा यस उपत्यकालाई "बेयुल" (तबि्बती भाषामा ) अर्थात् लुकेको उपत्यका भनन्छि । आठौ सताब्धकिा बौद्ध गुरु पद्मशंभव (तबि्बतमा गुरु रम्पिोछेका रुपमा परचिति )ले नुब्री सहति ५ वटा लुकेका उपत्यकाहरु पत्ता लगाएका थए । यी उपत्यकाहरुमा बौद्ध धर्मलाम्वीहरु द्वन्दका बेला सुरक्षति ठाउँका रुपमा शरण लनि सक्थे ।उनै गुरुका कृपाले यस वशिस्टि ठाउँमा बौद्ध संस्कृति १००,००० गुणाले फस्टाएको मानन्छि ।

नुब्री उपत्यकामा जैवकि ववि‍धिताको सम्मान गर्ने संस्कृति जोगाइएको छ | यहाँ जनावरहरू मारे तथा प्राकृतकिो वनिाश गरे (जस्तै रुख काटे ) रोग र द्वन्द जस्ता खराब कर्म भोग्नुपर्छ भन्ने जनवशि्वास छ । आज प्रकृतप्रितकिो यस्ता मूल्यमान्यताहरूले थुप्रै चुनौतीहरू भोगरिहेका छन् तर पनि सांस्कृतकि इतहिासमा यसले गहरिो रूपमा जरा गाडेको छ।

उपत्यकाको टाढाका क्षेत्रहरूमा सामागाउँ र साम्दो जस्ता दुर्गम गाउँहरू छन्। तबि्बतको सीमा नजकिको दुर्गम स्थानमा रहेका र सडक संजालले नजोडएिका यी गाउँहरूमा पुग्नको लागि पाँचदेखि छ दनिको कठनि पैदल यात्रा गर्नुपर्छ । ३,५५० र ३,९०० मटिरको उचाइमा त्यहाँका समुदायहरूले प्रतकिुल मौसम र जलवायु परविर्तनको असरले नम्तिुयाएका चुनौतीहरू झेलरिहेका छन्।

तबि्बती भाषा बोल्ने सामागाउँ र साम्दोका समुदाय आफूलाई भोटे भनेर चनिाउछन् । उनीहरूको जीवकिा, परम्परा, र ज्ञान वरपरका उच्च पहाडी भूगोलसंग गासएिको छ । संसारको आठौं उच्चतम शखिर ८,१६३ मटिर उचाइमा अवस्थति मनास्लु हमिाल यसै क्षेत्रमा पर्छ। परम्परागत शैलीको कृष-िपशुपालन गर्ने यहाँका समुदाय जौँ र आलु खेती गर्दछन् र दुध र ऊनको लागि याक र जोक्पे (गाई र याकको क्रसब्रीड) पाल्ने गर्छन् ।यसप्रकार उत्पादति वस्तुहरु अन्य आवश्यक उपभोग्य वस्तुहरुसंग साट्छन्। जाडोमा तापक्रम -२० डग्रिी सेल्सयिससम्म घट्ने खालको कठनि मौसमले गर्दा यस क्षेत्रमा कृषि उत्पादन बैशाखदेखि भदौसम्म दुई बालीमा मात्र गर्न सीमति छ।

दुई दशकमा अप्रत्याशति परविर्तनहरू आएका छन्।नुब्री उपत्यकबाट कठनि जनजीवकिा, , वशि्ववव्यापीकरण र जलवायु परविर्तनका थप नकारात्मक प्रभावहरूका कारण काठमाडौं र पश्चमिी देशहरूमा आर्थकि अवसर र राम्रो शक्षिा खोज्दै ठुलो संख्यामा पुरुष र बालबालकिा पलायन भएका छन् । यो आप्रवासनले घरायसी काम, कृषि र सामुदायकि कार्य, र जीवकिोपार्जनजस्ता थुप्रै जम्मिेवारी नभिाईरहेका सामागाउँ र साम्दोका महलिाहरुलाई थप बोझ पुर्‍याएको छ। हालसालै भोगेको खाद्य असुरक्षाले गाउँलेहरु खाद्यान्नको लागि अन्य टाढाका शहरहरुमा नरि्भर हुन बाध्य छन् र यसले मूल्यवृद्धि पनि गरिेको छ। कोभडि-१९ महामारीले यी चुनौतीहरूलाई अझ जटलि बनायो, लकडाउन र सडक अवरोधहरूले साम्दो र सामागाउँको आर्थकि अवस्था र जीवकिालाई थप जोखमिपूर्ण बनायो।

यी समस्याहरूको प्रत्युत्तरस्वरूप, टेर्गर च्यारटिी नेपाल (टीसीएन )ले समुदायलाई प्राथमकिता ददिै वकिासलाई सांस्कृतकि संरक्षण, मानव कल्याण र वातावरणीय संरक्षणसँग जोड्ने समाधानहरू खोज्नका लागि एक अभयिान सुरु गर्‍यो। (टीसीएन ) ले नुब्री उपत्यकाको प्राकृतकि वातावरणलाई प्राथमकिता दँदिै यहाँको खाद्य र पोषण सुरक्षा, शक्षिा र आर्थकि अवसरहरलाई सम्बोधन गर्छ ।

"हामी हाम्रो कामलाई प्रकृतसिँगको आपसी निर्भरताको रूपमा हेर्छौं। हामी बौद्ध दर्शनको आपसी निर्भरता (Interdependence) बाट प्रेरति छौं, जसमा मानव जाति सबै प्राणीहरू र वस्तुहरूलाई जोड्ने एउटा संजालको हिस्सा हो। कारण र प्रभावको यस आपसी जालोको अंशको रूपमा,प्रकृतलिाई कुनै हानी नगरी बरु रक्षा र पुनरउत्थान गर्ने प्रकृतमिा आधारति समाधानहरू अपरहिार्य छ ।यस्तो समाधानले मानव र सबै प्राणीहरूको कल्याण गर्छ । 'अहिंसा' र 'करुणा' प्राकृतसिँग सम्बन्धति योजना निर्माण गर्न अपनाइने मुलमन्त्र हो ।"

— योंगे मङि्गयुर रनि्पोचे, संस्थापक, टेर्गर च्यारटिी नेपाल

## अवधारणा र संरचना

सन् २०१८ मा तबि्बती शकि्षक र बौद्ध धर्मका गुरुद्वारा स्थापना गरएिको टेर्गर च्यारटिी नेपाल (टीसीएन) ले आफ्नो स्थापना कालदेखि नै समुदायलाई सहयोग गर्न केन्द्रति उद्देश्यलाई अघि सारेको छ। यो संस्थाले शकि्षा, स्वास्थ्य, वातावरण र सामाजकि सेवामा काम गर्दै दुर्गम हमिाली समुदायहरूलाई दगिो वकिास, सामाजकि कल्याण र सशक्तकिरणका लागि आवश्यक सीपहरू प्रदान गर्दछ। यसको उद्देश्य वातावरणको रक्षा गर्नु, जलवायु परवर्ितनको प्रभाव कम गर्नु र जीवकिोपार्जन सुधार गरेर सबै खाले जीवनक कठनिाईहरु कम गर्नु हो ।संस्थाले परम्परागत पारस्थितकि ज्ञान (Traditional Ecological Knowledge / TEK) र आदविाशी अभ्यासहरूलाई हालका नवीनतम अभ्यासहरुलाई जोडेर समुदायहरूलाई सांस्कृतकि प्रवर्धन र समग्र वकिास गर्ने प्रभावकारी दगिो वकिासका समाधानहरू अपनाउन सहयोग गर्दछ। वशिेष रूपमा, संस्थाले महलिाहरूको सहभागतिामा जोड दँदै उनीहरूसँग साझेदारी गरेर काम गर्दछ।

टीसीएन नेपालमा आधकिारकि रूपमा दर्ता भएको गैरसरकारी संस्था (एनजीओ/NGO) हो। संस्थामा ६ जना फल्डि कर्मचारी र काठमाडौंमा एकजना प्रशासनकि कर्मचारी सहति ७ जना समावेश छन्। लैङ्गकि समानतामा प्राथमकिता दएिर संस्थाले पाँच महलिा र तीन पुरुष सहतिको समावेशी र सन्तुलति कर्मचारी टोली निर्माण गरेको छ । संस्थाको बोर्डमा सामागाउँ र साम्दोका हमिाली गाउँका नौजना सदस्यहरू छन्।परयिोजना समुदायहरूसँगको परामर्श र आवश्यकताका मूल्यांकनका आधारमा बोर्डबाट स्वीकृत गरी तर्जुमा गरनि्छ। टीसीएनका संयोजकले बोर्डमा वचिारहरू प्रस्ताव गर्छन्, र बोर्डसँग ती प्रस्तावहरूमा छलफल गर्ने, संशोधन गर्ने, वा अस्वीकार गर्ने अधकिार हुन्छ। अगाडि बढ्ने परयिोजनाहरूले कोष संकलनमार्फत वत्तिीय स्रोत पाउँछन्। यसका लागि संस्थाले दीर्घकालीन साथ र सहयोगका लागि उद्देश्य मलि्ने दाताहरुसंग वश्विासलिो साझेदारी निर्माण गरेको छ ।



# स्थानीय चुनौतहिरु

## खाद्य असुरक्षाको जोखमि

नुब्री उपत्यकाका ग्रामीण समुदायहरूले वशिष रूपमा चुनौतीपूरण जीवनयापनको सामना गर्नुपर्छ, जसले यस क्षेत्रको खाद्य आपूर्तमिा असर पुर्‍याउँछ। यो क्षेत्रको प्रतकिुल जलवायुका कारण जाडोयाममा तापक्रम माइनस २० डग्रिी सेल्सयिससम्म झर्छ। फलस्वरूप, बैशाखदेखभिदौसम्म दुईवटा मात्र मुख्य बालीहरू प्रभावकारी रूपमा उत्पादन गर्न सकन्छि।खाद्य सुरक्षा जटलिता संगै , जलवायु परवर्तिन यस क्षेत्र  र सम्पूर्ण हमिाली क्षेत्रभर विश्विका अन्य भागहरूको तुलनामा २.५ गुणा छटिो भइरहेको छ। जलवायु परवर्तिनका कारण हमिनदीहरू पग्लन्ि, घाँसेमैदानहरू सुक्न थाल्नु, अनयिमति मौसम देखनि् र थप अप्रत्यासति मनसुनहरू जस्ता प्रभाव देखा पर्न थालेका छन् । यसले कृषि उत्पादनलाई असर गर्छ र कहलिेकाहीं बालीनाली नष्ट हुने अवस्था समेत सर्जिना गर्दछ।

तरकारीजस्ता खाद्य वस्तुहरू अन्य क्षेत्रबाट आयात गर्नु पनचिुनौतीपूरण छ। साम्दो र सामागाउँजस्ता दुर्गम समुदायहरूको सवारी साधनको पहुँच छैन।नुब्री उपत्यका नजकिको सवारी साधनको पहुँच मार्गबाट कम्तमिा पाँचदेखछि दनिको पैदल यात्राको दूरीमा छ। यस क्षेत्रमा पुग्ने एकमात्र प्रभावकारी तरकिा चार्टर्ड हेलकिप्टर हो, जुन स्थानीय बासन्दिाको पहुँचमा छैन । यसकारण  गाउँहरूमा सामान र आवश्यक वस्तुहरू ल्याउन अत्यन्त महँगो पर्छ।

खाद्य असुरक्षा र कठीन  जीवनयापनले हमिाली गाउँहरूमा बसाई  झनै अनश्चिति बनाउँछ। नेपाल वश्विका गरबि र कम वकिसति देशहरूमा पर्छ। यहाँको करबि एक चौथाई जनसंख्या दैनकि ०.५० अमेरकिी डलरभन्दा कममा जीवन नर्विाह गर्छन् । पाँच वर्ष मुनकिा करबि ३६ प्रतशित बालबालकिा कुपोषणका कारण बौंठएिका छन्, र २५ प्रतशित कुपोषति छन्।मृत्युदर उच्च छ र  दुर्गम हमिाली गाउँहरूमा मानसिहरू सामान्य रोगहरूकै कारण ज्यान गुमाउँछन्।

## जीवकिोपार्जनका अवसरहरूको अभाव र ग्रामीण महलिाहरूमा यसको प्रभाव

पछल्लिो दुई दशकमा नुब्री उपत्यकाको आर्थकि परदृश्यिमा उल्लेखनीय परवर्तिनहरू देखएिका छन्। वश्विव्यापीकरण र जलवायु परवर्तिनजस्ता समस्याका कारण जीवनयापनका चुनौतीहरू तीव्र बनेका छन्। यसले गर्दा परवािरहरूलाई थप समस्यामा पारेको छ । गाउँका पुरुष र बालबालकिा आर्थकि अवसर र शक्षिा खोज्दै अन्यत्र जाने क्रम तीव्र बनेको छ। अहलि नेपालको झण्डै ६३ प्रतशित वयस्क पुरुषहरु आफ्नो घर गाउँबाहरि बसोबास गर्छन् । यो जनसङ्ख्याको बहर्गिमनले परम्परागत जीवीकोपार्जन  प्रणालीमा गहरिो प्रभाव पारेको छ। गाउँमा बाँकी रहेका महलिाहरूलाई घरपरविारका जम्मिेवारी, कृषकिार्य, सामुदायकि कर्तव्य, र जीवकिा व्यवस्थापनको भारी बोक्न बाध्य बनाएको छ।

महलिाहरूका लागसिीमति स्रोत र जीवकिोपर्जन  वकिल्पको समस्या तब झनै जटलि बन्छ, जब वदिेशमा काम गर्ने पुरुषहरूले पठाएका रेमट्यिान्स छ महनिामै सकन्छि। रेमट्यिान्स अपुग हुँदा महलिाहरूले सातामा सातै दनि, दनिको १४ देख१ि९ घण्टासम्म न्यूनतम वा कुनै अतरिक्ति आयबनिा काम गरेर घरधन्दा चलाउनुपर्छ। यसले महलिाहरू र वृद्धहरूलाई झनै जोखमिपूरण  अवस्थामा पुर्‍याएको छ।कोभडि-१९ महामारीको हालसालैको प्रकोप, त्यसपछकिो लकडाउन र अवरोधहरूले समुदायले सामना गररिहेका चुनौतीहरूलाई थप गहरिो बनाएको छ। यस संकटले चरम खाद्य अभाव र आय असुरक्षालाई नम्तियाएको छ । कोभडि-१९ संकटपछरिोजगार िगुमाएकाले  र आर्थकि मन्दीका कारण सामागाउँ र साम्दोका बासन्दिाहरू थप  जोखमिमा परेका छन् । यी समुदायहरूको अस्ततिव नै संकटमा परेको छ।

# तीव्र रुपमा भैरहेको जलवायु परविर्तन

हमिालयमा जलवायु परविर्तनको गत िचन्तिाजनक रूपमा बढरिहेको छ। हमिालयका हमिनदीहरू वश्विको औसतभन्दा छटिो पग्लरिहेका छन्। यसले तलका क्षेत्रहरूको पानी आपूर्त रि मौसम प्रणालीमा गम्भीर असर पार्छ। द्रुत गतमिा बढ्दो तापक्रम र अनयिमति मौसमले कृष िउत्पादनमा अवरोध पुर्‍याउँदा स्थानीय समुदायहरूको खाद्य सुरक्षामा थप संकट ल्याएको छ।

बढ्दो तापक्रमले उच्च पहाडी घाँसेमैदानहरू सुकाउने जोखमि ल्याउँछ, जसले हमिाली पारस्थितिकिा लाग िमहत्त्वपूर्ण याकहरूको अस्तत्विलाई संकटमा पार्दछ। याकले यस क्षेत्रको प्रतीकात्मक जनावरका रूपमा चनिनिछ। उच्च पहाडी घाँसेमैदानहरूलाई सन्तुलति राख्न "प्राकृतकि घाँस काट्ने" भूमकिा याकहरुको हुन्छ । घाँसेमैदानहरू हमिालयका प्रमुख कार्बन भण्डारण क्षेत्र र वभिन्नि वनस्पत रि जनावरहरूको आवास स्थल हुन्। याकहरूको कमीले जैवकि ववििधितामा नकारात्मक प्रभाव पार्नुका साथै तब्बिती धामी र याक गोठालाहरूको परम्परागत जीवन प्रणालीलाई संकटमा पार्छ। यसका साथै, घट्दो याकको संख्याले याकको ऊन उत्पादन र परम्परागत तानमा महलिाहरूले बुन्ने तब्बिती-नुब्री हस्तकला जस्ता सांस्कृतकि अभ्यासहरूलाई समेत जोखमिमा पारेको छ।

स्थानीय समुदायहरूले तापक्रम परविर्तनमा अनुकूल हुने कृष रि खाद्य उत्पादन प्रणाली सुधार्ने प्रयास गरे पन िती प्रयत्नहरू अपुग छन् । यसको परणिामस्वरूप, समुदायहरूको खाद्य सुरक्षा अस्तव्यस्त अवस्थामा पुगेको छ। जलवायु परविर्तनले दुर्गम हमिाली समुदायले सामना गररिहेका चुनौतीहरूलाई तीव्र बनाएको छ, र महलिाहरूलाई असमान रूपमा यसले असर परेको छ।

# जैवकि ववििधिता संकट

बढ्दो तापक्रमले हमिाली क्षेत्रको जैवकि ववििधितालाई खतरामा पारेको छ र घट्दो वासस्थानका कारण धेरै प्रजातकि जनावरहरू लोप हुने अवस्थामा पुगेका छन्। पग्लरिहेका हमिनदी र हउिँले महत्वपूर्ण वासस्थानलाई खतरामा पारेका छन्। यस क्षेत्रमा पाइने हमि चतुिवा (Panthera uncia)लाई अन्तर्राष्ट्रयि प्रकृत िसंरक्षण संघ (IUCN) ले संकटासन्न(Endangered) प्रजातकिा रूपमा वर्गीकृत गरेको छ। त्यस्तै, झारल (Hemitragus jemlahicus), जसलाई संरक्षणमा नर्भिर वर्गीकृत गरएिको छ, र अल्पाइन कस्तुरी मृग (Moschus chrysogaster), जसलाई संकटासन्न" प्रजातकिो रूपमा वर्गीकृत गरएिको छ। वासस्थानको कमीका कारण यी प्रजातहिरु संख्यात्मक गरिावटको जोखमिमा छन् । जलवायु परविर्तनका कारण स्थानयि रूखहरू, उच्च पहाडका जंगली फूलहरू र उच्च हमिाली जडीबुटीहरू कम हुँदै जाने खतरा बढेको छ ।

मानव क्रयिाकलापले पन िजैवकि ववििधिताको क्षतलिाई थप गम्भीर बनाइरहेको छ। यार्सागुम्बा (Cordyceps sinensis) को अत्यधकि सङ्कलनले वगित पाँच वर्षमा यसको संख्यामा व्यापक गरिावट आएको छ। यार्सागुम्बा ३,५०० मटिरभन्दा माथकिा घाँसे मैदानमा पाइने झुसल्किरिा हो जसको यौनशक्तवर्िधक र रोग प्रतरिोधक औषध िबनाउनका लाग िचनयिाँ बजारमा उच्च मागमा रहेको छ। उच्च हमिाली समुदायहरूले ठूलो मात्रामा सङ्कलन गरी बक्रिी गर्दै आएको यार्सागुम्बा अत्यधकि सङ्कलन र जलवायु परविर्तनका कारण संकटमा परेको छ। उच्च हमिाली क्षेत्रका पारस्थितिि प्रणाली र समुदायको जीवनयापनमा पन ियसले गम्भीर असर पारेको छ।

नेपालमा बढ्दो पर्यटनसंगै फस्टाएको नर्मिाण उद्योग र दाउराको बढ्दो मागले तीव्र वन वनिाशको अवस्था सर्जिना गरेको छ। सामुदायबाट लएिको जानकारी र अवलोकनका आधारमा, टेर्‌गर च्यारटिी नेपाल (टीसीएन)ले गत दुई दशकमा सामागाउँ र साम्दोका करबि ६० प्रतशित वन क्षेत्र हराएको अनुमान गरेको छ।

वन वनिाशको तीव्र गतसिँगै, जङ्गली जनावरहरू खाना खोज्न वनक्षेत्रबाट बाहरि आउन थालेका छन्। उदाहरणका लाग,ि हमिालय क्षेत्रका हमि चतुिवा र अन्य शकिारी जनावरहरूले याक जस्ता घरेलु जनावरलाई सकिार बनाउन थालेका छन्। उत्तरी नेपालको डोल्पा जल्लिामा, शकिारी जनावरहरूको पेटमा फेला परेको मासुमा ४० प्रतशितभन्दा बढी घरेलु जनावरको मासु रहेको पाइयो। यसले मानव र वन्यजन्तु बीचको द्वन्द्वलाई बढावा दन्छि, जसका कारण हमि चतुिवाप्रतकिो प्रतशिोधपूर्ण व्यवहारले उनीहरूको घट्दो जनसंख्यालाई झन् खतरामा पार्छ ।यसले परम्परागत कृष-िगोठालो जीवनयापनको ह्रासलाई तीव्र बनाउँछ। गोठालाहरू आफ्नो गाईबस्तु बेच्न बाध्य हुन्छन्। धेरै गोठालाहरू पर्यटन जस्ता कम परश्रिम लाग्ने जीवकिोपार्जनलाई प्राथमकिता दनि थालेका छन्। चरनको कमीले जीवकिोपार्जनमा मात्र असर नगरी समग्र जलवायुमै प्रभाव पार्छ। चरनले घाँसको जरा उखेल्दैन जसले यस क्षेत्रका गहरिो जरावाला घाँसे मैदानहरू नर्मिाण गर्न योगदान पुर्‍याउँछ, जसमा धेरै मात्रामा कार्बन भण्डारण हुन्छ।

यसका साथै, उच्च हमिाली पर्यटकीय क्षेत्रमा व्यापक रूपमा देखएिको समस्या भनेको छाडा कुकुरहरूको बढ्दो उपस्थत िहो। यो समस्या मुख्यतः पर्यटकहरूले पदमार्गमा कुकुरहरूलाई खाना खुवाउँदा उत्पन्न भएको हो। कुकुरहरू खाना खोज्दै उच्च हमिाली गाउँतरि गएका कारण तनीहरू जङ्गली भई घरेलु जनावरहरू र कहलिेकाहीँ स्थानीय बासन्दिा तथा पर्यटकहरूलाई समेत आक्रमण गर्छन्।



# स्थानीय प्रतक्रियिा

"टेर्गर च्यारटिी नेपालको काम समुदायमा आधारति छ। यसले परम्परागत नुब्री र तबि्बती आदविासी ज्ञान, जीवनयापन, र संस्कृतलिाई नवप्रवर्तनात्मक प्रकृतमिैत्री समाधानहरूसंगै मलिाएर लाने  समग्र दृष्टकिोणलाई प्रवर्द्धन गर्दछ। उदाहरणका लाग,ि जलवायुमैत्री हरतिगृहहर् *(Bioclimatic  Greenhouse)* परम्परागत स्थानीय घरहरूमा जमनि, याकको गोबर, र पराल प्रयोग गरेर गरनिे इन्सुलेसनलाई प्राथमकिता दँदिै सौर्य प्रवधिकिो प्रयोग गरी नरि्माण गरएिका छन्।हामी हाम्रो आवश्यकता र समुदायका चुनौतीहरुलाई पुरानो ज्ञान र नयाँ  प्रवधि मिार्फत समाधान दनि प्रयास गर्दछौं।"

— जगि्मे लामा, बोर्ड सदस्य, टेर्गर च्यारटिी नेपाल

## जलवायु-मैत्री कृष मिार्फत दगिो जविकिोपार्जन  नरि्माण

हमिालयका ग्रामीण गाउँहरूले सामना गररिहेका चुनौतीहरूको प्रतक्रियिा स्वरूप, टेर्गर च्यारटिी नेपाल (टीसीएन) ले जलवायु-मैत्री  कृषलिाई  जैव-जलवायुमैत्री हरतिगृहहरू (bioclimatic greenhouses) मार्फत प्रवर्द्धन गरेको छ। यो  परयिोजना धेरै दगिो वकिास लक्ष्य (SDGs) सँग मेल खान्छ र दगिो वकिासका आर्थकि, सामाजकि, र वातावरणीय तीनवटै पक्षलाई आत्मसाथ  गर्दछ।

परकि्षण परयिोजना  सामागाउँका सबैभन्दा संवेदनशील परवािरहरू, वशिेष गरी एकल वा वधिवा महलिाहरूलाई लक्षति गर्दै १५ हरतिगृहहरू नरि्माणमा केन्द्रति थयिो। टीसीएन ले स्थानयि सामग्री प्रयोग गरी र आदवािसी परम्परागत पारस्थितिकिीय ज्ञान (TEK) समावेश गरेर नरि्माण र प्रयोगको योजना रणनीत बिनायो । यी संरचनाहरूमा ४५ सेन्टमिटिर बाक्लो परम्परागत भूकम्प-प्रतरिोधी ढुंगा पर्खालहरू छन्, जसलाई माटो, याकको गोबर, र परालले इन्सुलेट गरएिको छ।घरकोछत double-layered polycarbonate (एक प्रकारको तत्व )बाट बनेका छन्।  जसले  हरतिगृहभति्र तातो कायम राख्न  अधकितम योगदान पुर्‍याउँछन्, भने रणनीतकि रूपमा राखएिका ढोका र झ्यालहरूले हावा चलाउन सहयोग पुर्‍याउँछन्।सुरुवाती  १५ हरतिगृहहरूको सफलताले २०२२ मा ४७ अतरिकि्त(सामागाउँमा ३२ र सामदोमा १५) संरचनाहरू नरि्माण गर्न उत्प्रेरति गर्‍यो जुन  अझ सुधारएिको डजिाइन, लागत प्रभावकारी , र टकिाउ थए ।

समुदायका सदस्यहरूले हरतिगृहको उपयोग गर्दै गाउँमा पहलिे उपलब्ध नभएका र तलको उपत्यका वा काठमाडौंबाट महँगो मूल्यमा ल्याउनुपर्ने तरकारीहरूको खेती गर्न थालेका छन्। गोलभेडा, जुकीनी, काक्रो, फर्सी, बोक चोई, बोडी, सलाद, रायो , नेपाली पालुंगो (साग), बन्दाकोभी, काउली , ब्रोकली, र खुर्सानी जस्ता तरकारी गाउँमै उत्पादन हुन थाल्यो । हरतिगृहहरूले पहलिे कल्पना पन गिर्न नसकनिे  वर्षभर खिेती गर्न सक्ने सम्भावना प्रदान गरे। सामागाउँ र साम्दोका कृषकहरूले वर्षभर नैि तरकारी उत्पादन गर्न थालेका छन्।

दिगो र जलवायुमैत्री जमनि व्यवस्थापनलाई लक्षति अर्को प्रयास सामागाउँ र साम्दोका ७,४५१ हेक्टर जमनिमा फैलएिको छ। जमनि व्यवस्थापन अभ्यासहरूमा जलवायु-प्रतरिोधी कृषबिालीहरूको प्रयोग, पर्माकल्चर र कृषि-वन समावेश छन्। यी अभ्यासहरूले जलवायु सहनशीलता बढाउन र पोषण ववििधता प्रदान गर्न महत्त्वपूर्ण भूमकिा खेल्छन्।

हरतिगृह र जमनि व्यवस्थापन परयिोजनाहरूको प्रभाव खाद्य र पोषण सुरक्षामा उल्लेखनीय देखएिको छ। वशिेष गरी महलिाहरू, वृद्धहरू, र पाँच वर्षभन्दा मुनकिा बालबालकिाहरूमा यो प्रभाव देखनि्छ। लाभार्थीहरूले तल्लो उपत्यकाबाट तरकारी ल्याउन लाग्ने ढुवानी खर्चमा उल्लेखनीय कमी अनुभव गरे, जसले परविारको वार्षकि औसत आय अमेरकिी डलर ८३० रहेको अवस्थामा प्रत्येक घरपरविारले वार्षकि रु ३,१५० देखि रु ३,६०० (अमेरकिी डलर २४ देखि २७) सम्म बचत गर्नसके।समुदायमा प्रत्यक्ष लाभ बाहेक , जमनि व्यवस्थापन परयिोजनाले ७,४५१ हेक्टर कृषजिमनिलाई दगिो व्यवस्थापन अभ्यासमार्फत संरक्षण गर्दछ। वशिेष गरी जङ्गली गुलाफको फल (हपि) को दगिो सङ्कलन र वृक्षारोपणमार्फत यो संरक्षण सम्भव भएको छ।यो समग्र अभ्यास जलवायु र जीवनयापनका चुनौतीहरूको सामना गर्न समुदायको र दगिो वकिासका लागि एउटा रूपान्तरणकारी मोडेल हो।

## जलवायुमैत्री कृषमिार्फत दगिो र प्रतरिोधात्मक जीवकिोपार्जन नर्मिाणका मुख्य प्रभावहरू




- टेरगर च्यारटिी नेपाल (टीसीएन) ले ७,४५१ हेक्टर जमनिलाई दगिो व्यवस्थापन मार्फत संरक्षण गरेको छ।
- हरतिगृह परयिोजनाले सामागाउँमा १५ हरतिगृह नर्मिाण गर्न सहयोग गर्‍यो।
- २०२२ मा थप ४७ हरतिगृहहरू नर्मिाण गरएिका थएि, जसमध्ये सामागाउँमा ३२ र साम्दोमा १५ छन्।
- तरकारी आयात गर्नुपर्दा आउने खर्च बचत गरी स्थानीय बासनि्दाहरूले प्रति घरपरविार वार्षकि रू ३,१५० देखि ३,६०० (अमेरकिी डलर २४ देखि २७) बचत गर्न सफल भए।

## रोसा म्याक्रोफलिा (*Rosa Macrophylla*) प्रकृतमैत्री मूल्य श्रृंखला सुरु गर्दै

रोसा म्याक्रोफलिा परयिोजनाले रोसा म्याक्रोफलिा एक प्रकारको गुलाफको फल- रोज हपि (Rose Hip ) को लागि मूल्य श्रृंखला स्थापना गर्‍यो। यो वशिेष कृषि उत्पादन हो जसमा उच्च मात्रा भटिामनि ए , सी र एण्टीअक्सडिेन्ट्स हुन्छ। रोसा म्याक्रोफलिालाई परम्परागत रूपमा तबि्बती चकिति्सकहरूले सर्दीबाट जोगनि , रक्तचाप घटाउन र क्यान्सरको रोकथामका लागि हर्बल चयिाको रूपमा प्रयोग गर्दछन्।यो परयिोजनाले सामागाउँका स्थानयि महलिाहरूलाई जङ्गली गुलाफको फल सङ्कलन, सफा गर्ने, र सोलार ड्रायरमा सुकाउने काममा सहयोग गर्छ। यसका साथै गुलाफका नयाँ बरि्वाहरु बउिबाट उमार्न सहयोग गर्छ । गुलाफका फलहरू समुदायका सदस्यहरूले सङ्कलन गरी सफा गर्छन्। टीसीएन का सहयोगी कर्मचारीहरू साझेदार अनुदानबाट खरदि गरएिको दुईवटा सोलार ड्रायर प्रयोग गर्न उनीहरूलाई मद्दत गर्छन्। मौसम अनुकूल भएमा आँगनमा टारपोलनिमा पनि सुकाउन सकनि्छ।

साझेदार चयि कम्पनीसँगको सहकार्यमा, गुलाफको फल क्यानडामा पठाइन्छ जहाँ यसलाई महँगो चयिामा रूपान्तरण गरनि्छ। यस परयिोजनाले अत्यधकि सङ्कलनलाई रोक्न दगिो दृष्टकिोण अपनाउँछ। उदाहरणका लागि, तेस्रो वर्षमा, समुदायले जङ्गली गुलाफको फलको सङ्कलनको सीमा प्रति घरपरविार १० कलिो नर्धिारण गरेको थयिो। यो परयिोजनाले कृषविाली ववििधीकरणलाई पनि प्रोत्साहन गर्दछ। समुदायलाई करेसा र घुर्यानमा गुलाबका बरि्वा लगाउने प्रोत्साहन दइिएको छ, साथै जैवकि ववििधता प्रवर्द्धन गर्ने अन्य ववििध बाली, औषधीय जडीबुटी र रैथाने बरि्वाहरू पनि प्रवर्द्धन गर्दछ। त्यसैगरी, ठुलो परमिाणको उत्पादनबाट जोगनि र यसलाई वशिेष राख्न चयिाको स्वाद प्रत्येक वर्ष परविर्तन गरनि्छ।

रोसा म्याक्रोफलिा आपूर्ति श्रृंखलाको स्थापनाले पहलिो वर्षमा प्रति व्यक्ति अमेरकिी डलर १४५ देखि २०७ सम्मको आय सृजना गर्‍यो, जुन अत्यावश्यक खाद्यान्न कनि्न, औषधि उपचार गर्न र यातायातमा खर्च गर्न महत्वपूर्ण भयो । दोस्रो वर्षमा, सम्पूर्ण समुदायले गुलाफको फल सङ्कलनमा सहभागति जनायो, जसको परणिामस्वरूप समुदायमा अमेरकिी डलर २१,१८२ प्रवाह भएको थयिो ।यो प्रत्येक घरपरविारको लागि अमेरकिी डलर १३२ बराबर थयिो। यस समावेशी समुदाय मोडेलले १६० घरपरविारका ४३० व्यक्तहिरूलाई लाभ पुर्‍यायो।

रोसा म्याक्रोफलिा परयिोजनाले महलिाहरूको लागि स्वस्थ र दगिो

जीवनयापनको समर्थन गर्दै लैंगकि असमानता घटाउन महत्त्वपूर्ण भूमिका खेल्दछ। परियोजनामा संलग्न महिलाहरूले आफ्नो आम्दानी बढेको, सीप वकिास भएको, र सामाजकि पूंजीमा वृद्धि पाएको अनुभव गरेका छन् जसले उनीहरूको सशक्तिकरणमा योगदान पुर्‍याएको छ। गुलाफको फलको मूल्य श्रृंखलाले जलवायु प्रभाव न्यूनीकरण समाधानमा पनि योगदान पुर्‍याउँछ। जमनिमा रोसा म्याक्रोफिलाक बिरुवा रोप्दा कार्बनको भण्डारण बढाउँछ र माटोलाई पनि स्विस्थ बनाउछ।

## रोसा म्याक्रोफिला प्रकृतमैत्री मूल्य श्रृंखला सञ्चालनका मुख्य प्रभावहरू

- महिलाहरूले गुलाफको फलको बिक्रीबाट प्रत्येक घरपरविारमा वार्षकि अमेरिकी डलर १४५ देखि २०७ सम्म आम्दानी गर्छन्।
- सामागाउँले २०२१ मा यस परियोजनाबाट अमेरिकी डलर २१,१८२ आम्दानी गर्‍यो ।
- गुलाफको फलको मूल्य श्रृंखलाबाट १६० घरपरविारका ४३० व्यक्तिहिरूलाई लाभ भयो ।

## सामुदायकि वन र कृषी वनको वकिास

टेर्‍गर च्यारटिी नेपाल (टीसीएन) ले आफ्नो नयाँ जलवायु संगठन हमािलयन इन्भाइरनमेन्ट एण्ड लाइफ प्रोटेक्शन (H.E.L.P.) अन्तर्गत साम्दोमा एक रूपान्तरणकारी समुदाय वन पुनःरोपण परियोजना सुरु गरेको छ, जसको उद्देश्य समुदायको वन व्यवस्थापन मार्फत भूक्षय रोक्नु र माटोमा कार्बनको मात्रा बढाउनु हो। साम्दोको सामुदायकि वन परियोजनाको केन्द्रमा सामुदायकि वन उपभोक्ता समति (CFUG) छन् । यो सहकार्यात्मक टोलीमा नौ जना स्थानीय समुदायका सदस्यहरू समावेश छन्, जसले जमनिको उपयोग र व्यवस्थापनका निर्णयहरू लिन्छिन् र वन पुनःरोपण तथा जमनिको व्यवस्थापनमा सक्रयिरूपमा सहभागी हुन्छन्। सामुदायकि वन उपभोक्ता समति (CFUG) मोडेल नेपालमा एक व्यापक वन व्यवस्थापन प्रणाली हो, जसले २५ वर्षदेखि देशको वन आवरणलाई २३ प्रतिशतबाट ४७ प्रतिशतसम्म पुनःरोपण गर्न मद्दत पुर्‍याएको छ।

यस परियोजनाले साम्दोको सामुदायकि जमनिमा अवस्थति एक रुख नर्सरीको निर्माणमा सहयोग पुर्‍याएको छ, जुन अहिले २,००० परीक्षण रुखहरू हेरचाह गर्ने केन्द्रको रूपमा काम गर्दैछ। यस नर्सरीमा हमािलयन पपलर (Populus Ciliata), ब्ल्याक जुनीपर (Juniperus Indica), हमािलयन जुनीपर (Juniperus Recurva), हमािलयन बर्चि (Betula Utilis), र गोट वलि्लो (Salix Caprea) जस्ता प्रजातहिरू समावेश छन्। यी रुखहरू २०२५ मा स्थानान्तरण गरनिेछन्, जसले २०२६ सम्म २० हेक्टरमा २५,००० रुख रोप्ने समग्र लक्ष्यमा योगदान पुर्‍याउनेछ। संगठनले २५,००० बरिुवाका बेर्ना उमार्न सक्षम नर्सरीहरू निर्माण गरेको छ।

यस वन पुनःरोपण परियोजनाको दायरा अन्तर्गत (टीसीएन) ले नेपाली ड्रोन स्टार्ट-अपसँगको सहकार्यमा ड्रोन मार्फत वन पुनःरोपणलाई अगाडि बढाउँदैछ। संगठनले स्थानकि 'बउिको बम' को परीक्षण गर्दैछ, जसले ड्रोनबाट खसाल्दा स्थानकि बीउहरूको सफल मश्रिण (जसमा रुखहरू र औषधीय जडीबुटीहरू समावेश छन्) उब्जाउने छ। अनुसन्धान र परीक्षण उडानहरू हाल सामागाउँमा सञ्चालन भइरहेका छन्। टीसीएनले आशा गर्छ कि एक सफल मुद्दा अध्ययनले(Case study) यस प्रवधिलिाई हमािलयका उच्च पहाड र हन्दिु-कुश क्षेत्रको फराकिलो क्षेत्रहरूमा रुख रोप्नका लागी प्रयोग गर्न सम्भाव्य बनाउनेछ।

टीसीएन को सामुदायकि वन परियोजनाले २०२४ मा सामागाउँ र साम्दोमा दुई वन्यजन्तु क्यामरा ट्र्यापहरु र दूरवर्ती (flying remote) सेन्सङि ड्रोनहरू स्थापना गरी मनास्लु संरक्षण क्षेत्रमा वन्यजन्तुहरूको अनुगमन र रेकर्डङिलाई अगाडि बढाउनेछ जुन मनास्लु संरक्षण क्षेत्र परियोजना (MCAP) सँगको साझेदारीमा गरनिेछ। यसका साथै, मनास्लु ट्रेकङि मार्गमा जङ्गली कुकुरहरूको जनसंख्या नयिमन गर्नको लागि २०२४ मा स्थापना गरी मनास्लु संरक्षण क्षेत्रमा वन्यजन्तुहरूको अनुगमन र रेकर्डङिलाई अगाडि बढाउनेछ जुन मनास्लु MCAP सँगको सहकार्यमा आयोजना गरनिे पशु चकित्सिा शवरिले स्थानयि वनस्पति र जनावरहरूको सुरक्षा पनि बढाउने छ। थप, पुनःनवीकरणीय ऊर्जाको प्रवर्द्धन गरी वद्युतयि प्रबधिमिार्फत खाना पकाउन र तताउन लगाउने एउटा पाइलट उप-परियोजनाको अहिले मूल्याङ्कन भइरहेको छ जसले दाउराको लागी गरनिे अन्धाधुन्ध वन फडानी घटाउने उद्देश्य राख्छ।

परियोजनाले २०२३ मा कृषीवन सम्बन्धी घटक(component) पनि सुरु गर्‍यो जसमा आयआर्जन गराउने स्थानयि रुखहरू र कृषि उत्पादनहरू जस्तै रोग-प्रतरिोधी र जलवायु-प्रतरिोधात्मक आलुहरू (जसले आलुको उत्पादन र आलु जविति रहन हुने गम्भीर चुनौतीहरूको सामना गर्न मद्दत पुर्‍याउँछ) लाई समाहति गरएिको छ। स्थानयि रुखहरू र बोटबरिुवाका

प्रजातिहरूसँग जलवायु-प्रतिरोधात्मक आलुखेती मिसाएर टीसीएन ले समुदायहरूलाई महत्त्वपूर्ण खाद्य श्रृंखलाहरू पुनःस्थापित गर्दै स्वस्थ जलवायु समर्थनमा मद्दत गर्ने उद्देश्य राखेको छ। दगिो र एकीकृत जमिन-प्रयोग गर्ने उद्देश्य अनुसार सात जना समुदायका सदस्यहरूले आलु बालीका खेतहरूमा हिमालियन पपलर, मटर, र औषधीय जडीबुटीहरू रोपे। यो पाइलट परियोजनाले समुदायबाट उपलब्ध गराइएको परीक्षण खेत पनि स्थापना गरेको छ। यदि सिफल भएमा परियोजनाले सामागाउँ र साम्दोका ७.५ हेक्टरमा अवस्थित १७३ घरपरिवार र ५६३ समुदायका सदस्यहरूलाई समेट्नेछ।

टीसीएन का सामुदायिक वन पहलकदमीहरूले दगिो, सामुदायमा आधारित वन र भूदृश्य व्यवस्थापनको लागि जनचेतना बढाउनमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। परम्परागत तिब्बती गाउँहरू साम्दो र सामागाउँले बढ्दो वातावरणीय संरक्षण र जलवायु परिवर्तन न्यूनीकरणमा अत्यधिक खुलापन देखाएका छन्। सामागाउँका गाउँ समितिहरू र साम्दोको सामुदायिक वन उपभोक्ता समिति (CFUG) ले प्रत्येक घरपरिवारले काट्न मिल्ने काठको मात्रामा सीमा निर्धारण गर्न, जीवित रुखहरू वा हाँगाहरूलाई काठ वा इन्धनको लागि काट्नमा प्रतिबन्ध लगाउन, र विद्युतीय काठ काट्ने मेसिनहरूको प्रयोगमा रोक लगाउने निर्णय गरेका छन्।

## सामुदायिक वन र कृषीवन विकासका मुख्य प्रभावहरू

- वन पुनःरोपण कार्यक्रमले २०२६ सम्म २० हेक्टरमा २०,००० रुखहरू रोप्ने लक्ष्य राखेको छ।
- टीसीएनले २५,००० बिरुवाका बेर्ना उमार्न सक्षम नर्सरी निर्माण गरेको छ।
- कृषीवन परियोजनाको पाइलट चरणमा सात जना समुदाय सदस्यहरूले आलुका खेतहरूमा विविधिता ल्याएका छन् र एउटा परीक्षण खेत स्थापना गरिएको छ।
- सामुदायिक वन उपभोक्ता समिति (CFUG) को निर्माण नौ जना स्थानीय समुदाय सदस्यहरू सहित गरिएको छ।
- २०२४ मा २ वटा क्यामरा ट्र्यापहरु स्थापना गर्न योजना बनाइएको छ |

## साक्षरता र व्यवसायिक तालिममार्फत महिलाहरूलाई सहयोग

संगठनात्मक रूपमा महिलाहरू टीसीएनको स्टाफ र बोर्डको आधाभन्दा बढी सदस्य हुन् र यसको परियोजनाहरूमा सहभागी सदस्य र नेतृत्वमा रहेकामध्ये अधिकांश महिला हुन्। यसरी महिलाहरूले टीसीएनको उद्देश्यको प्रभावकारितामा महत्वपूर्ण योगदान पुर्‍याउँछन्, साथै संगठन र यसको नेतृत्वमा रहेकालाई समागाउँ र सम्दोका महिलाहरूले भोग्ने चुनौतीहरूको गहिरो बुझाइ कायम राख्न मद्दत गर्छन्। यो लैङ्गिक रूपमा समावेशी दृष्टकिोणले महिला समुदाय सदस्यहरूको आधारभूत आकांक्षाहरू जस्तै शिक्षा, स्वास्थ्य, आर्थिक सशक्तिकरण, इज्जत, सम्मान, मलिनसार पारिवारिक सम्बन्ध, र तिनीहरूको सन्तान र परिवारलाई सहयोग पुर्‍याउने उपायहरूलाई सम्बोधन गर्छ।

२०१९ मा टीसीएन र गैर-सरकारी संगठन (गैसस) 'डेज फर गर्ल्स नेपाल' ले सामागाउँमा १० महिलाहरू र १० पुरुष नेताहरूको लागि दुई-दिने कार्यशाला आयोजना गरेको थियो जुन महिलाहरूको स्वास्थ्य, सरसफाइ, र नेतृत्वमा केन्द्रित थियो । यो कार्यशालाले टीसीएको महिनावारी स्वास्थ्य व्यवस्थापन (MHM) कार्यक्रमको आधारको रूपमा काम गर्‍यो, जनचेतना बढाउदै पुनः प्रयोग गर्न मिल्ने कपडा स्यानिटरी प्याडहरूको स्थानीय उत्पादन परियोजना सुरु गर्‍यो।

२०२० मा टीसीएनले परिचयात्मक साक्षरता, गणित, पोषण, र व्यवसायिक तालिम कक्षाहरू थप्यो जसले महिनावारी स्वास्थ्य व्यवस्थापन (MHM) पहललाई महिलाहरूको क्षमता निर्माणको एक समग्र कार्यक्रमको रूपमा विकास गर्न मद्दत पुर्‍यायो। यसले आय सृजना गर्ने गतिविधिहरू जस्तै पुनः प्रयोग गर्न मिल्ने कपडा स्यानिटरी प्याड, याकको पनीर, र याकको ऊन उत्पादन, ब्यापार र यी मूल्य श्रृंखलाहरूको (Valu chain) व्यावसायिकीकरण सम्बन्धी तालिम पनि प्रदान गर्दछ। २०२० देखि २०२३ सम्म २५ महिलाहरू तालिम कार्यक्रमका कक्षामा नियमित रूपमा सहभागी भए। धेरैजसो महिलाहरूले सानो व्यवसायहरू स्थापना समेत गरे जसमा २०२३ को पर्वतारोहण सजिनका लागि सिञ्चालन हुने रेस्टुरेन्टहरू, गेस्टहाउसहरू, र लेखापरीक्षण व्यवसायहरू समावेश छन् ।

२०२३ मा सामागाउँ समुदायको महिला समूह, आमा समूह, र महिला बौद्ध समूह, धर्म ज्ञानसँगको सहकार्यमा टीसीएन ले सामागाउँमा महिला समुदाय गृह निर्माण गर्‍यो जसले महिलाहरूको कार्यक्रमका कक्षाहरूको

आयोजना गर्न, महलिाहरूलाई आफ्नो हस्तकला, कृष उित्पादन र रोज हपि चयिा बेच्न, तथा अन्य सबै प्रकारका महलिा भेला र गतविधिहिरू (बौद्ध कक्षाहरू, धार्मकि अनुष्ठानहरू, सामुदायकि बैठकहरू, र सामाजकि सभा) गर्नको लाग िलाग ि स्थान उपलब्ध गराउँछ। २०२४ मा प्रसदि्ध वश्विवदि्यालय नेपाल अकाडेमी फर टुरज्मि एन्ड होटल म्यानेजमेन्ट (NATHM) सँगको साझेदारीमा व्यावसायकि तालमिको आवश्यकता लाई सम्बोधन गर्न सामागाउँ र साम्दोका ३० महलिा गेस्टहाउस मालकिाहरूले १५ दनिको सानो लज तालमिमा भाग लिए, जहाँ उनीहरूले आतथ्यि सेवा, खाना पकाउने, खानपान, बेकङि, कफी बारस्टिा, हाउसकपिङि, आधारभूत लेखा, र रसिेप्शन सम्बन्धी सीपहरू सकिे।

## साक्षरता र व्यवसायकि तालमिमार्फत महलिाहरूलाई सहयोग गर्दाका प्रमुख प्रभावहरू

- टीसीएनको कर्मचारी, बोर्ड, र सदस्यहरूमा ५० प्रतशित भन्दा बढी महलिाहरू छन्।
- टीसीएनले महलिाहरूको स्वास्थ्यबारे २० सामुदायकि सदस्यहरूको लाग िदुई-दनि कार्यशाला आयोजना गर्‍यो।
- टीसीएनको महलिाहरूको कार्यक्रमले २०२० देख ि२०२३ सम्म २५ महलिाहरूलाई साक्षरतासम्बन्धी, गणति, पोषण, र व्यवसायकि कक्षाहरूमा सहभागी गरायो।
- टीसीएनले महलिाहरूका कक्षा र भेला आयोजना गर्नको लाग िसामुदायकि गृह नर्मिाण गर्‍यो।



इक्वेटर पुरस्कार प्राप्त गर्नुले देखाउँछ क ि एक सानो समर्पति स्थानीय समूहले एक दुर्गम पर्वतीय समुदायको जीवनमा परविर्तन ल्याउन सक्छ। यो उच्च हमिालयमा वश्विका अन्य स्थानहरूको तुलनामा २.५ गुणा छटिो भइरहेको जलवायु परविर्तनको सन्देश फैलाउने एक तरीका पन ि हो।”

— छरङि याङजोम, कार्यक्रम प्रबन्धक, टेर्गर च्यारटिी नेपाल



# नीतगित प्रभावहरू

“जलवायु परविर्तन उच्च हमिालय र तबि्बती पठारमा संसारका अरु भागहरूको तुलनामा २.५ गुणा छटिो भइरहेको छ, जसले हमिनदीको पानीमा जविकिोयापनका लागी आश्रति १.८ अरब मानसिहरूको जीवनलाई खतरा पुर्‍याउँछ। जलवायु वपिद् बाट बच्नका लागि हामीलाई प्रकृतमिा आधारति समाधानहरूको ठूलो स्तरमा प्रवर्धन तथा वशि्व नेताहरूबाट साहसकि कार्य र प्रतबिद्धताहरूको आवश्यकता छ।”

— पासाङ नोर्बु लामा, कार्यक्रम प्रबन्धक, टेर्‌गर च्यारटिी नेपाल

## राष्ट्रयि स्तरमा नीतगित प्रभावहरू

टेर्‌गर च्यारटिी नेपाल (टीसीएन )को कामले दगिो वकिासका लागि परम्परागत पारस्थितिकि ज्ञान" (TEK) र स्थानयि अनुकूलति अभ्यासहरूको महत्वलाई उजागर गर्दछ। टीसीएनले समुदायका सदस्यहरूलाई प्रभावकारी मूल्य शृंखलाहरूमा संलग्न गराउँछ, तालमि र शक्षिा, स्वास्थ्य र कल्याणकारी पहलहरू प्रदान गर्दछ जसले स्थानयि मूल्यमान्यताहरूलाई संरक्षण गर्नुका साथै परम्पराहरूलाई सशक्त बनाउँछ। यी उदाहरणहरूले क्षेत्रीय र नीति-स्तिरको कामलाई प्रभाव पार्दछन्, जसले नेपाली उच्च हमिाली समुदायहरूको समर्थनका लागि आवश्यक कार्यहरूलाई सहयोग पुर्‍याउँछन्।

टीसीएन को क्षेत्रीय र राष्ट्रयि नीतमिा प्रभाव हमिालयन इन्भाइरनमेन्ट एण्ड लाइफ प्रोटेक्शन (H.E.L.P.) नामक पहल स्थापनासँगै बढेको छ, जुन व्यापक हमिालयन सन्दर्भमा जलवायु परविर्तनमा केन्द्रति छ।अन्तर्राष्ट्रयि वन अनुसन्धान र वशि्व कृषविन केन्द्र (CIFOR-ICRAF) सँगको यसको सम्बन्धले यस प्रभावलाई देखाउँछ। H.E.L.P र CIFOR-ICRAF ले संयुक्त रूपमा टीसीएनको सामागाउँ कृषविन (एग्रोफरेस्ट्री) पाइलट परयिोजना को केस अध्ययन तयार गरे, जसले राष्ट्रयि कृषविन नीति २०१९ लाई प्रभावति गर्‍यो। यस्ता अनुसन्धान पत्रहरुले टीसीएनको सामदो र सामागाउँ परयिोजनाका परणिाम र पत्ता लगाइएका तथ्यहरूबाट लाभ उठाइ उच्च हमिाली समुदायहरूको लागि वशिेष कृषविन नीतहिरू र असल अभ्यासहरू प्रबर्धनको लागी सहयोग गर्दछ। ३००० मटिरभन्दा माथकिा कृषविनको अनुसन्धानमा जुन कमी छ, त्यसमा यी अनुसन्धान पत्रहरू महत्वपूर्ण योगदान हुन्।

२०२३ को डसिम्बरको शुरुमा H.E.L.P. को कार्यक्रम टोली सामागाउँ गाउँबाट, जुन उच्च हमिालमा स्थति छ, दुबईको मरुभूमिमा भएको संयुक्त राष्ट्रसंघीय जलवायु परविर्तन फ्रेमवर्क कन्सभेन्सन (UNFCCC) कन्फरेन्स अफ द पार्टीज (COP 28) मा सहभागी हुन गयो। H.E.L.P. का नर्दिेशकले "नेपालमा दगिो वकिासको लागि नवीनताको प्रयोग" वषियमा प्रस्तुति दनिुभयो र H.E.L.P. का कार्यक्रम प्रबन्धकहरूले "कृषि र भुमि उपयोगका लागी नजिी क्षेत्रको संलग्नतामा समावेशी जलवायु कार्यहरुको वृद्धि" र "प्रकृति र जलवायुका लागि अधकिारमा आधारति, तलदेखि माथी र सहकार्यात्मक समाधानहरू वषियमा बोल्नुभयो। उहाँहरूको सहभागतिले उच्च हमिाली समुदायहरू र दुर्गम पर्वतीय समुदायहरूको फाइदाको लागि महत्वपूर्ण जानकारी प्रदान गरेको छ।

## वश्विव्यापी एजेण्डामा योगदान

वश्विव्यापी स्तरमा टीसीएनले धेरै महत्त्वपूरण बहुपक्षीय सम्झौताहरूको कार्यान्वयनमा समरथन पुर्‍याउँछ, जसमध्ये जैवकि ववविधिता सम्झौता (CBD), संयुक्त राष्ट्रसंघीय जलवायु परविर्तन फ्रेमवर्क कन्सभेन्सन (UNFCCC), र दगिो वकिासको लागि २०३० एजेण्डा (2030 Agenda) अन्तर्गतको दगिो वकिास लक्ष्यहरू (SDGs) परदछन्।

उदाहरणका लागि, महलिाहरूको जीवकिा सुधार्न र दगिो वकिासमा संलग्न गराउनका लागि अवसरहरूको प्रवर्धन गर्दै टीसीएनले लैङ्गकि समानता (दगिो वकिास लक्ष्य ५), गुणस्तरीय शक्षिा (दगिो वकिास लक्ष्य ४), र सभ्य काम तथा आर्थकि वृद्धि (दगिो वकिास लक्ष्य ८) जस्ता लक्ष्यहरूलाई समरथन पुर्‍याउँछ। त्यस्तै, टीसीएनका कार्यक्रम र पहलहरूले संरक्षणका लागि रुिख रोप्ने र कृषविनमार्फत भुममिा जीवन सुधार (दगिो वकिास लक्ष्य १५) र जलवायु क्रयिाकलाप (दगिो वकिास लक्ष्य १३) जस्ता लक्ष्यहरूमा योगदान पुर्‍याउँछन् यसको थुप्रै गतविधिहिरूले स्वस्थ खाना र दगिो मूल्य शृंखलामा पहुँच बढाइ स्थानीय आम्दानीमा योगदान पुर्‍याएका कारण टीसीएनको कामले गरीबि उन्मुलन (दगिो वकिास लक्ष्य १) र भोकमरी उन्मुलन (दगिो वकिास लक्ष्य २) का लक्ष्यहरूलाई पनि समरथन गरदछ।

> “हामी वश्विास गर्छौं कि टेर्गर च्यारटिी नेपाल र H.E.L.P जस्ता समुदायमा आधारति संगठनहरू, जसले कृषि पारस्थितिकिीय (agroecological)र प्रकृतमिा  आधारति समाधानहरू कार्यान्वयन गर्दै स्थानीय समुदायहरूलाई जलवायु परविर्तन र वैश्वीकरणका कारण उत्पन्न चुनौतीहरूको सामना गर्न थप सक्षम बनाउने काम गर्दैछन्, हमिालयमा जलवायु परविर्तनबारे जनचेतना फैलाउन र यसको आपसी नर्भिरता बारे बुझाउन भूमकिा खेल्न सक्छन्। सबै घटनाहरू जस्तै जलवायु परविर्तन र जैवकि ववविधिता घट्नु कारण र प्रभावहरूको जालमा जोडएिको छ: माहुरीहरूको अभावले मानवजातकिो वनिाशतरि डोर्‍याउन सक्छ, र महासागरीय तापक्रम वृद्धलिे स्थलयि जैवकि ववविधितामा गम्भीर खतरा पुर्‍याउँछ। यी अन्तरक्रयिाहरूलाई बुझ्नु र अहलिे भइरहेको वशिाल वनिाशलाई रोक्नको लागि कदम चाल्नु हाम्रो हातमा छ, जुन यदि निरोकएि हाम्रो ग्रहलाई भवष्यिका पुस्ताहरूका लागि बस्न योग्य बनाउन असम्भव हुनेछ।”
>
> — योंगेय मङि्यूर रनि्पोचे, संस्थापक, टेर्गर च्यारटिी नेपाल



# पुनरुत्पादन, विस्तारयोग्यता र दिगोपना

## पुनरुत्पादन

गाउँका समुदायका सदस्यहरूले टेर्गर च्यारटिी नेपाल ( टीसीएन )को प्रभाव देखेका छन् र यसका  प्रयासहरू विशेष गरी दिगो उत्पादन र हरतिगृह निर्माणको अनुकरण गर्न थालएिका छ। । टीसीएनले आफ्नो  वेबसाइट र सामाजकि मडियिा प्लेटफर्महरूमा परियोजना अध्यावधकि  गरेर, जानकारी, तस्वीरहरू र भडियिोहरू हालेर  अरुलाई अनुकरण गर्न  प्रोत्साहति गरेको छ।  यस क्षेत्रमा दगिो वकिासमा प्रभाव पारेको *Rosa Macrophylla* मूल्य श्रृंखला र अन्य परियोजनाहरूका बारेमा सबैका लागि खुला स्रोत जानकारी र शकि्षाको पहुँच  छ। त्यसैगरी, नेपाली समाचार मडियिा र अन्य अन्तरास्ट्रयि अनलाइन ब्लगहरूले टीसीएनको कामका बारेमा पोस्ट गरेका छन्। TEALEAVES द्वारा सामागाउँमा खचिएिको प्रचार फलि्मले दगिो रोजहपि आपूर्ति श्रृंखलाहरूको सम्भावनाका लागि उत्प्रेरकको रूपमा काम गरेको छ र समुदायका सदस्यहरूलाई परियोजनामा सामेल हुन उत्साहति गरेको छ। यस्तै, टीसीएनले २०२३ को इक्वेटर पुरस्कार जतिेको घोषणा सँगै परियोजनामा बढ्दो चासो र सहयोग  प्राप्त गरेको छ।

हरतिगृहको नर्मािण र उपयोग  मापन योग्य भएको छ। उदाहरणका लाग,ि साम्दो गाउँमा त्यहाँका अगुवाले हरतिगृहको  प्रभावबाट प्रेरति भई, बाँकी समुदायमा प्रत्येक घरको लागि २८ वटा हरतिगृह  नर्मािण गर्ने योजना बनाइरहेका छन्।

## वस्तिारयोग्यता

टीसीएनले एक नयाँ गैरसरकारी संगठन हमिलयन इन्भाइरनमेन्ट एण्ड लाइफ प्रोटेक्शन वा H.E.L.P. स्थापना गरेको छ, जसको उद्देश्य जलवायु प्रतरिोधात्मकता नर्मािण गर्नु, कृषि पारस्थितिकिी (agroecology) लागू गर्नु, महलिा सशक्तकिरण र महलिा तथा बालबालकिा शकि्षा प्रोत्साहन गर्नु, र उच्च हमिाली समुदायहरूमा वातावरणको संरक्षण गर्नु हो। यस वस्तिृत कार्यक्षेत्रले परियोजनाको क्षेत्रफललाई महत्वपूर्ण रूपमा वस्तिार गरेको छ। H.E.L.P. को उद्देश्य दाताहरूसँग पहुँच र दृश्यता बढाउनुका साथै उच्च हमिाली क्षेत्रभरि वातावरणीय संरक्षण र जलवायु परविर्तन न्युनकिरणका लागि एक व्यापक र समग्र म्यान्डेट लागू गर्नु हो। H.E.L.P. को बोर्डमा सामागाउँ र साम्दो समुदायका सदस्यहरू समावेश छन् जसले संगठनलाई साना हमिाली समुदायहरूको आवश्यकतासँग जोडी रहन मद्दत पुर्याइ उनीहरूको उद्देश्यको केन्द्रीय आधार र सबै परियोजनाहरूको प्रमुख मार्गदर्शनको रूपमा grassroot प्रभावलाई कायम राख्न मद्दत पुर्याँउछ।

## दगिोपना

टीसीएनद्वारा हालै स्थापना गरीइएको H.E.L.P. संगठनले संस्थाको वृद्धी र वस्तिारलाई देखाउँछ। H.E.L.P. मार्फत नयाँ वति्तीय स्रोतहरू सुरक्षति गरएिको छ जसले टीसीएनका परियोजनाहरूलाई थप दगिो बनाएको छ। समुदायको स्वामत्वि र संलग्नताले पनि दगिो वकिास र वृद्धकिो सम्भावना देखाउँछ। समुदायका सदस्यहरू र स्थानीय नेता दुवै टीसीएन का गतविधिहिरूलाई अगाडि बढाउँदै र वस्तिार गर्दै छन्।

## भावी योजना

टीसीएन हाल गुलाब फल- रोज हपि (Rose Hips ) प्रयोग हुने  उत्पादनको ववििधीकरण गर्ने रणनीतमिा छ। यसको हालसालै स्थापति जलवायु संगठन H.E.L.P. ले पहल्यिै ट्रेकङि सजिनहरूमा गुलाब फल , स्याउ, र गाजरको जाम बनाएर  बेच्न  परक्षिण गरेको छ । अहलि गुलाब फलको बीउबाट  तेल बनाउने परीक्षण गर्दै छ। टीसीएनले समागाउँमा बच्चाहरूको लागि अंग्रेजी, नेपाली र तब्बिती भाषामा प्रारम्भकि साक्षरता कक्षाहरू सुरु गरेको छ। खेलमा आधारति पठन  वधिलि पारस्थितिकी र जैवकि गतवधििहिरू, जस्तै करि रैथाने  बीउ रोप्न, बच्चाहरूलाई वातावरणको महत्त्व सकिाउने काम गर्दछ र साक्षरता सुधार गर्न मद्दत गर्दछ।

यसका साथै, टीसीएले हालै छुम  र नुब्री क्षेत्रहरूमा घरेलु र सडक कुकुरको बन्ध्याकरण  र खोप क्याम्प सुरु गरेको छ।२०२५  मा, यस परयिोजनाको दोस्रो चरणमा जानेछ, जसले ड्रोनको प्रयोगबाट  कुकुर र अन्य जंगली जनावरहरूको पहचिान गर्न र घरेलु जनावरहरुलाई आक्रमण गर्ने समस्या हल  गर्न सहयोग गर्नेछ । यो पहल मनास्लु संरक्षण क्षेत्र मा मानव-जंगली जनावरको टकराव  कम गर्नको लागि चार वर्षे परयिोजना सँग  सम्बन्धति छ । परयिोजनाको मुख्य साझेदारी  छुम नुब्री नगरपालकिा, मनास्लु संरक्षण क्षेत्र परयिोजना, गोर्खा भेट हस्पटिल र एनमिल नेपाल सँग हुनेछ।

टीसीएनले समागाउँमा नेपाल सरकारद्वारा आधकिारकि रूपमा मान्यता प्राप्त पर्वतारोहण र ट्रेकङि गाइड स्कूल खोल्ने  प्रयास पनि सुरु गरेको छ। २०२४ को नोभेम्बर महनिामा, नेपाल पर्यटन एकेडेमीसँगको सहकार्यमा दुई पाइलट तालमिहरू संचालन भएका थए।, यसमा 'École hôtelière de Lausanne (EHL) होस्पटिालटिी बजिनेस स्कूलसँग वनिमिय कार्यक्रम (exchange  programme ) छ। यी दुई कोर्सहरूले समागाउँका २४ वद्यार्थीलाई स्थानीय गाइड र पोर्टर ट्रेकङि गाइडको व्यवसायबारे बुझ्न गर्न मद्दत गर्‍यो। सहभागीहरूको प्रदर्शन र परक्षिण कक्षाको उच्च उपस्थति उत्साहजनक थियो। यदि यसलाई वस्तिार गरयिो भने, यस परयिोजनाले इकोटुरजिम आय सृजना गर्न, यस क्षेत्रको दगिो व्यवस्थापनमा सहयोग  गर्न र आकर्षक  र स्वस्थ जीवनयापनका  वकिल्पहरूसँग धेरै युवाहरूलाई जोड्न मद्दत गर्न सक्छ।

# साझेदारहरू

- पेमा चोड्रोन फाउन्डेशन(Pema Chodron Foundation): टेर्गर च्यारटिी नेपाल (TCN)/H.E.L.P. का महलिाहरूको लागि साक्षरता र व्यवसायकि तालमिमा सहयोग  गर्छ र बायोक्लमिेटकि ग्रीनहाउस, रोसा म्याक्रोफलिा मूल्य श्रृंखला परयिोजना र अन्य प्रकृतमिैत्री मूल्य श्रृंखला परयिोजनाहरूको लागि आर्थकि सहयोग  गर्छ ।
- संयुक्त राष्ट्र वकिास कार्यक्रम/United Nations Development Programme(UNDP) नेपाल: २०२१ देखि २०२२ सम्म बायोक्लमिेटकि ग्रीनहाउस र रोसा म्याक्रोफलिा मूल्य श्रृंखला परयिोजनामासहयोग गरेको छ। अहलि पनि टीसीएनका परयिोजनाहरूलाई साना अनुदान कार्यक्रममार्फत सहयोग  गर्दैछ । वशिेष गरी जलवायु प्रतरिोध , जलवायु परविर्तन नविारण, र आय आर्जनमा  केन्द्रति रही  प्रकृति आधारति समाधान र दगिो मूल्य श्रृंखलामा सहयोग पुर्‍याउछ  ।
- करुणा-शेचन(Karuna-Shechen): बायोक्लमिेटकि ग्रीनहाउस परयिोजना र समागाउँ महलिाहरूको सामुदायकि घरको नर्मिाणमा सहायता  गरेको छ ।अहलि पनि जलवायु प्रतरिोध , जलवायु परविर्तन नविारण, सामुदायकि पुनःरोपण, कृषि वन, जैवकि ववििधितामैत्री मूल्य श्रृंखलाहरू र नवीकरणीय ऊर्जामा परयिोजनाहरूलाई सहयोग  गर्दैछ।
- नेपाल एग्रोफोरेस्ट्री फाउन्डेशन/Nepal Agroforestry Foundation (NAF): २०२१ देखि २०२३ सम्म सामुदायकि पुनःरोपण र जलवायु परविर्तन र कृषवनि परयिोजनाहरूको लागि प्राविधकि सहयोग  प्रदान गरेको छ।
- छुमनुब्री नगरपालकिा/Chumnubri Municipality: समागाउँमा महलिाहरूको सामुदायकि घरको नर्मिाण र २०२४ मा तुसुम र नुब्रीमा घरेलु र सडक कुकुरको नसबन्दी र खोप शवरिको नर्मिाणमा सहजीकरण  गर्दैछ।
- एनीमल नेपाल/Animal Nepal: छुम र नुब्रीमा घरेलु र सडक कुकुरको नसबन्दी र खोप शविरिमा सहयोग गर्छ ।

# श्रोत तथा अन्य सामग्री


Butler, S. 'The Himalaya's hidden paradise valleys.' BBC. 2022. यहाँ अनलाइन उपलब्ध छ.

Childs, G. 'From a Trickle to a Torrent: Education, Migration, and Social Change in a Himalayan Valley of Nepal.' 2019. University of California Press. यहाँ अनलाइन उपलब्ध छ.

Eriksson, M. et.al. 'The Changing Himalayas: Impact of Climate Change on Water Resources and Livelihoods in the Greater Himalayas.' The International Centre for Integrated Mountain Development (ICIMOD). [PDF]. 2009. यहाँ अनलाइन उपलब्ध छ.

Government of Nepal Ministry of Forests and Environment. 'Population Assessment of Shey - Phoksundo National Park's Snow Leopard and Prey.' [PDF]. 2023. यहाँ अनलाइन उपलब्ध छ.

Himalayan Environment and Life Protection (H.E.L.P.). 'About us.' [Website]. n.d. यहाँ अनलाइन उपलब्ध छ.

International Union for Conservation of Nature (IUCN) Red List of Threatened Species. 'Alpine Musk Deer (*Moschus chrysogaster*).' 2014. यहाँ अनलाइन उपलब्ध छ.

International Union for Conservation of Nature (IUCN) Red List of Threatened Species. 'Chinese Caterpillar Fungus (*Ophiocordyceps sinensis*.)' 2019. यहाँ अनलाइन उपलब्ध छ.

International Union for Conservation of Nature (IUCN) Red List of Threatened Species. 'Himalayan Tahr (*Hemitragus jemlahicus*).' 2020. यहाँ अनलाइन उपलब्ध छ.

International Union for Conservation of Nature (IUCN) Red List of Threatened Species. 'Snow Leopard (*Panthera uncia*).' 2016. यहाँ अनलाइन उपलब्ध छ.

Koirala, P. 'Yarsagumba Fungus: Health Problems in the Himalayan Gold Rush.' *Wilderness & Environmental Medicine*. 2017. यहाँ अनलाइन उपलब्ध छ.

National Trust for Nature Conservation. 'Manaslu Conservation Area Project (MCAP).' n.d. यहाँ अनलाइन उपलब्ध छ.

Singh, V. 'TEALEAVES Collaborates with Tergar Charity Nepal: Discover their Inspiring Journey.' TEALEAVES Blog. [Website]. n.d. यहाँ अनलाइन उपलब्ध छ.

Tealeaves. 'The Unexpected Way these Women are SafeGuarding Samagaun' [Video]. n.d. 'यहाँ अनलाइन उपलब्ध छ.

Tergar Charity Nepal. 'About us.' [Website]. n.d. यहाँ अनलाइन उपलब्ध छ.

United Nations Development Programme (UNDP) Nepal. 'In Nepal's high mountains, greenhouse farming tackles climate crisis.' Medium. 2021. यहाँ अनलाइन उपलब्ध छ.

World Food Programme (WFP). 'WFP Nepal Country Brief.' [PDF]. 2023. यहाँ अनलाइन उपलब्ध छ.

# आभार

इक्वेटर इनसिएिटिभिले टेरगार च्यारटिी नेपालका सबै सदस्यहरू, विशिष गरी मार्गोट क्लाभयिर, पासाङ नोर्बु लामा, र त्सेरङि याङ्जोमलाई उनीहरूको अन्तरदृष्टि र समर्थनको लागि कृतज्ञताका साथ स्वीकार गर्दछ। सबै तस्बरिहरू तेर्गर च्यारटिी नेपाल (वशिष गरी पासाङ नोर्बु लामा, मार्गोट क्लेभयिर, पेमा नुरबु लामा) को सौजन्य र के तपाईलाई यतिलामो समय लाग्यो? (WTYSL)। संयुक्त राष्ट्र भूस्थानकि सूचना खण्ड र वकिपिडियािको सौजन्य नक्सा।

## सम्पदकहरु

सम्पादकहरू (वजिता संस्थाको नाम): [प्रश्नावली अनुसार योगदान गर्ने सम्पादकहरूको सूची]
सम्पादकहरू (इक्वेटर इनसिएिटिभि): Alina Klimantovych, Anna Giulia Medri, Veronika Seemann

## लेखक

Meredith Beaton

## डजिाईन

Kimberly Koserowski

## स्रोत उद्धरण (Suggested Citation)

United Nations Development Programme (UNDP). 'Tergar Charity Nepal, Nepal.' *Equator Initiative Case Study Series*. 2024. New York, NY.

EQUATOR INITIATIVE

Equator Initiative
Sustainable Development Cluster
United Nations Development Programme (UNDP)
304 East 45th Street, 15th Floor
New York, NY 10017
www.equatorinitiative.org

UNDP संयुक्त राष्ट्रसंघको प्रमुख संस्था हो जुन गरबिी, असमानता र जलवायु परविर्तनको अन्याय अन्त्य गर्न संघर्ष गर्दैछ। १७० देशहरूमा रहेका हाम्रा वशिषज्ञ र साझेदारहरूको वसि्तृत नेटवर्कसँग मलिेर, हामी राष्ट्रहरूलाई मानसिहरू र पृथ्वीका लागि एकीकृत, दीगो समाधानहरू नरि्माण गर्न मद्दत गर्छौं। थप जानकारीका लागि undp.org मा जानुहोस् वा @UNDP मा अनुसरण गर्नुहोस्।
इक्वेटर इनशिएिटवि संयुक्त राष्ट्रसंघ, सरकारहरू, नागरकि समाज, व्यवसायहरू र मूल तहको संगठनलाई एकत्रति गरेर मानसिहरू, प्रकृति र दृढ समुदायहरूको लागि स्थानीय दीगो वकिास समाधानहरूलाई मान्यता दनि र अगाडि बढाउन काम गर्दैछ।

©२०२४ भूमध्य रेखा पहल
सबै अधकिार सुरक्षति